# प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५

प्रस्तावनाः

प्रदेश विकासमा स्वयम् सेवाको भावनालाई प्रवर्द्धन गर्दै विभिन्न विषयमा दक्षता तथा अनुभवप्राप्त प्रदेश भित्रको जनशक्तिलाई निर्वाह भत्ता लिई वा नलिई स्वतःस्फूर्तरुपमा प्रदेशको विकाससँग सम्बन्धित विभिन्न कार्यमा सरिक हुने वातावरण सृजना गर्न वान्छनीय भएकोले गण्डकी प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भईयो कार्यविधि जारी गरिएकोछ ।

## परिच्छेद–१
## प्रारम्भिक

1. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५" रहेको छ ।
   (२) यो कार्यविधि गण्डकी प्रदेश मन्त्रिपरिषद्बाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।
   (३) यो कार्यविधि कार्यान्वयनको क्षेत्र गण्डकी प्रदेश मात्र हुनेछ ।
2. **परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-
   (क) "अप्राविधिक सहयोग" भन्नाले दफा ४ को उपदफा (१) को खण्ड (ख) मा उल्लेखित सेवाका क्षेत्रमा स्वयंसेवकहरुबाट प्रदान गरिने सहयोगलाईसम्झनु पर्छ ।
   (ख) "कार्यकारी समिति" भन्नालेस्वयंसेवक सेवाको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन सम्बन्धी निर्णयहरू गर्न गठित समितिलाई सम्झनु पर्छ ।
   (ग) "कार्यविधि" भन्नाले "प्रदेश विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७५ "लाई सम्झनु पर्छ ।
   (घ) "निर्देशक समिति" भन्नालेदफा ४ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।
   (ङ) "प्राविधिक स्वयंसेवक" भन्नाले युवा तथा खेलकुद मन्त्रालयद्वारा परिचालित प्राविधिक क्षेत्रका स्वयंसेवकहरूलाई सम्झनु पर्छ ।
   (च) "प्राविधिक सहयोग" भन्नाले दफा ४ को उपदफा (१) को खण्ड (क) मा उल्लेखित सेवाका क्षेत्रमा स्वयंसेवकहरुबाट प्रदान गरिने सहयोगलाई सम्झनु पर्छ ।
   (छ) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनु पर्छ ।
   (ज) "शैक्षिक निकाय" भन्नाले प्राविधिक वा अप्राविधिक शैक्षिक ज्ञान तथा सीप प्रदान गर्ने विद्यालय, शिक्षालय, अध्ययन संस्थान, क्याम्पस तथा विश्व विद्यालयलाई सम्झनु पर्छ ।
   (झ) "संघ–संस्था" भन्नाले प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएको संगठित संस्थालाई सम्झनु पर्छ ।
   (ञ) "स्थानीय तह" भन्नाले नेपालको संविधान बमोजिम गठित जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिका तथा महानगरपालिकालाई सम्झनु पर्छ ।
   (ट) "स्वयंसेवक" भन्नाले स्वतःस्फूर्त रुपमा सुविधा लिई वा नलिई स्वयंसेवी क्रियाकलापमा संलग्न हुने व्यक्तिलाई जनाउँछ । यस शब्दले यस कार्यविधि अनुरुप परिचालन हुने स्वयंसेवकलाई सम्झनु पर्छ ।
   (ठ) "स्वयंसेवा" भन्नाले समाजमा परम्परागत रुपमा विद्यमान रहेको तथा व्यावसायिक र संगठित रुपले सञ्चालन भैरहेका स्वयंसेवी क्रियाकलापहरूलाई सम्झनु पर्छ ।
   (ड) "सार्वजनिक सेवा" भन्नाले नेपाल सरकारबाट सार्वजनिक सेवा भनी तोकिएका र सार्वजनिक रुपमा उपभोग गर्ने गरी व्यवस्था गरेका सेवाहरूलाई सम्झनु पर्छ ।

## परिच्छेद–२
## स्वयंसेवक परिचालनको उद्देश्य तथा क्षेत्र

3. **स्वयंसेवक परिचालनका उद्देश्यहरू:** यस कार्यविधि अन्तर्गत स्वयंसेवक परिचालनका उद्धेश्यहरु देहाय बमोजिमका छन्:-
   (क) प्रदेशको समग्र विकासको लागि समुदाय स्तरमा स्वयंसेवी भावनाको विकास तथा प्रवर्द्धन गर्ने,
   (ख) प्रदेश सरकार अन्तर्गत हुने सार्वजनिक सेवा प्रवाह कार्यमा सहजीकरण गर्ने,
   (ग) प्रदेशमा रहेको दक्ष जनशक्तिलाई अल्प समयको लागि रोजगारीको अवसर उपलब्ध गराउने,

**४. स्वयंसेवा परिचालनका विषयगत क्षेत्रः**

(१) यस कार्यविधि अन्तर्गत देहायको विषयगत क्षेत्रको सेवामा स्वयंसेवक परिचालन गर्न सकिने छः-

(क) प्राविधिक सेवाः

(१) स्वास्थ्य तथा सरसफाई,
(२) कृषि तथा पशु सेवा,
(३) वन, कृषि-वन र गैर काष्ठ तथा जडिवुटी,
(४) इञ्जिनियरिङ्ग,
(५) कम्प्यूटर,
(६) वातावरण,
(७) निर्देशक समितिले निर्णय गरेबमोजिमको अन्य सेवा ।

(ख) अप्राविधिक सेवाः

(१) सामुदायिक शिक्षा,

(२) सामुदायिक सचेतना अभिवृद्धि,

(३) लक्षित वर्ग उत्थान,

(४) निर्देशक समितिले निर्णय गरेबमोजिमको अन्य सेवा ।

५. **स्वयंसेवा परिचालन हुने निकाय तथा संघसस्थाः** यस कार्यविधि बमोजिम स्वयंसेवकको परिचालन देहायका निकाय वा संघसंस्थाको काममा सहयोग पुग्ने गरी हुने छ ।

(क) संघ, प्रदेश र स्थानीय तहका सरकारी सेवा प्रदायक निकायहरू,

(ख) सहकारी तथा सामुदायिक संघ–संस्थाहरू,

(ग) सरकारी शैक्षिक सँस्थाहरू,

६**. स्वयंसेवक परिचालनका आधारः**यस कार्यविधि बमोजिम स्वयंसेवक परिचालन गर्दा देहायका आधारमा गर्नुपर्नेछः-

(क) प्रदेश सरकारको मौजुदा संगठनात्मक संरचनाबाट भइरहेको सेवा प्रवाह अपर्याप्त भएको वा सेवा पुऱ्याउन नसकिएको विषयगत क्षेत्रमा जनतालाई सार्वजनिक सेवा पुऱ्याउने कार्यमा सहजीकरण हुने,

(ख) सरकारी निकायवा समुदायद्वारा सामाजिक हितको लागि सञ्चालित सामुदायिक सेवा कार्यक्रमहरूमा प्राविधिक सहयोग पुग्ने,

(ग) भौगोलिक विकटताको आधारमा अनुसूची १ मा उल्लेख भए बमोजिमको जिल्लागत वर्गीकरण बमोजिमको प्राथमिकता दिइने,

(घ) प्रदेश विकास स्वयंसेवकमा सहकार्य गर्न इच्छुक दफा ५ बमोजिमका निकाय तथा संघ÷संस्थाहरुको मागको आधारमा स्वयंसेवक परिचालन हुने ।

**७.स्वयंसेवक परिचालन हुने निकाय तथा संघसंस्थाको जिम्मेवारीः** यस कार्यविधि बमोजिम परिचालित हुने स्वयंसेवकको सम्बन्धमा सम्बन्धित निकाय तथा संघसंस्थाको जिम्मेवारी देहाय बमोजिम हुने छः

(क) खटिई आएका स्वयंसेवकलाई यस कार्यविधि बमोजिमको जिम्मेवारी दिई काममा लगाउने,

(ख) स्वयंसेवकहरूको सुपरिवेक्षण तथा कार्य सम्पादनको मूल्याङ्कन गर्ने,

(ग) यस कार्यविधि बमोजिम स्वयंसेवकहरूले पाउने सेवा सुविधाहरू समयमै उपलब्ध गराउने,

(घ) स्वयंसेवकहरूलाई वृत्ति विकास, क्षमता विकास र व्यक्तित्व विकास सम्बन्धी स्थानीय स्तरमा उपलब्ध अवसरहरूमा सहभागी गराउने,

(ङ) स्वयंसेवकहरूका पीरमर्का तथा गुनासोहरुको यथोचितरुपमा सम्बोधन गर्ने ।

## परिच्छेद–३
## संस्थागत व्यवस्था

८. **निर्देशक समितिको गठन:** (१) यस कार्यविधि बमोजिम स्वयंसेवक परिचालन सम्बन्धमा नीतिगत मार्गदर्शन गर्न देहायबमोजिमको निर्देशक समिति रहने छः

(क) मन्त्री, युवा तथा खेलकुद मन्त्रालय अध्यक्ष

(ख) उपाध्यक्ष, प्रदेशनीति तथा योजना आयोग सदस्य

(ग) सचिव, अर्थ मन्त्रालय सदस्य

(घ) सचिव, मूख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सदस्य

(ङ) सचिव, युवा तथा खेलकुद मन्त्रालय सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम गठित निर्देशक समितिको वैठकमा अन्य मन्त्रालय तथा निकायका प्रतिनिधि तथा विशेषज्ञहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(३) निर्देशक समितिको वैठकको सञ्चालन र व्यवस्थापन देहायबमोजिम हुनेछः

(क) अध्यक्षको निर्देशनमा सदस्य–सचिवले समितिको बैठक बोलाउनेछ ।

(ख) निर्देशक समितिको वैठक आवश्यकता अनुसार बस्नेछ ।

(ग) निर्देशक समितिले आफ्नोबैठकसञ्चालन र निर्णय सम्बन्धीअन्य कार्यविधि आफै तय गर्नेछ ।

९. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) स्वयंसेवा सम्बन्धी प्रदेश सरकारले तर्जुमा गर्नुपर्ने नीति सिफारिस गर्ने,

(ख) स्वयंसेवकहरूको दरबन्दी र स्वयंसेवकलाई दिइने सुविधाको आवधिक पुनराबलोकन गर्ने,

(ग) स्वयंसेवक परिचालनका लागि आवश्यक पर्ने श्रोत व्यवस्थाको लागि समन्वय गर्ने,

(घ) कार्यकारी समितिलाई आवश्यक निर्देशन दिने ।

१०. **कार्यकारी समितिको गठनः**(१) स्वयंसेवक सेवाको कार्यक्रम सञ्चालनमा व्यवस्थापकीय निर्देशन एवम् निर्णय गर्न देहाय बमोजिमको कार्यकारी समिति रहने छ ।

(क) सचिव, युवा तथा खेलकुद मन्त्रालय अध्यक्ष

(ख) उप÷सचिव, प्रदेश योजना तथा नीति आयोग सदस्य

(ग) उपसचिव, युवा तथा खेलकुद मन्त्रालय (प्रशासन तथा योजना महाशाखा) सदस्यसचिव

(२) उपदफा (१) बमोजिमको कार्यकारी समितिको वैठकमा सम्बन्धित विषयगत मन्त्रालयका प्रतिनिधि तथा विषयगत विशेषज्ञहरुलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(३) कार्यकारी समितिको वैठकको सञ्चालन र व्यवस्थापन देहाय बमोजिम हुनेछः

(क) अध्यक्षको निर्देशनमा सदस्य–सचिवले समितिको वैठक बोलाउने छ,

(ख) कार्यकारी समितिको वैठक आवश्यकता अनुसार बस्नेछ,

(ग) कार्यकारी समितिले आफ्नो बैठक सञ्चालन र निर्णय सम्बन्धी अन्य कार्यविधि आफै तय गर्नेछ ।

११. **कार्यकारी समितिको काम, कर्तव्य र अधिकारः** कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्वयंसेवक परिचालनको ढाँचा तयार गर्ने,

(ख) स्वयंसेवक परिचालन हुने निकाय तथा कार्यालयबाट माग संकलन र सूचीकरण गर्ने, गराउने,

(ग) सम्बन्धित जिल्लामा दफा ४ बमोजिमको विषयगत क्षेत्रमा परिचालन हुने स्वयंसेवकहरुको पद तथा संख्या प्रस्ताव गरी निर्देशक समितिबाट स्वीकृत गराउने,

(घ) स्वयंसेवक सूचीकरण, छनौट तथा भर्ना सम्बन्धी योजना तर्जुमा गर्ने,

(ङ) छनौट समितिको सिफारिस बमोजिम स्वयंसेवक नियुक्तिको छनौट सूची स्वीकृत गर्ने,

(च) स्वयंसेवकको म्याद थप सम्बन्धी निर्णय गर्ने,

(छ) स्वयंसेवकलाई दिइने पुरस्कार र सम्मानको विषयमा आवश्यक निर्णय गर्ने,

(ज) स्वयंसेवक परिचालन सम्बन्धमा अन्य आवश्यक निर्णयहरु गर्ने ।

१२. **स्वयंसेवक सेवाको कार्य सञ्चालनः** (१) स्वयंसेवक सेवाको सञ्चचालन सम्बन्धी कार्य मन्त्रालयको प्रशासन तथा योजना महाशाखा अन्तर्गत योजना शाखाले गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यमा सहयोग पुऱ्याउनको लागि मन्त्रालयले आवश्यकता अनुसार एक जना रा.प. तृतीय श्रेणीको कर्मचारी सरहको सेवा शुल्क दिने गरी सेवा करारमा लिन सक्ने छ। यसरी करारमा लिइने जनशक्तिको करार सेवा शुल्क स्वयंसेवक सेवाको लागि प्राप्त बजेटबाटै खर्च गरिने छ ।

(३) उपदफा (१) बमोजिम योजना शाखाले गर्ने कार्य देहाय बमोजिम हुनेछः

(क) स्वयंसेवक परिचालन, क्षमता विकास र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य,

(ख) स्वयंसेवा प्रवर्द्धनको लागि सरोकारवालासँग सहकार्य, सञ्जालीकरण तथा सूचना व्यवस्थापन सम्बन्धी कार्य,

(ग) स्वयंसेवाको प्रभावकारिता अध्ययन–अनुसन्धान सम्बन्धी कार्य,

(घ) प्रदेशमा स्वयंसेवी क्रियाकलाप सञ्चालन गर्ने निकाय तथा संघ-संस्थाहरूको सम्पर्क विन्दुको रुपमा गर्ने कार्य ।

## परिच्छेद–४
## दरबन्दी संरचना, छनौट, नियुक्ति र पदस्थापन

१३. **दरबन्दीको व्यवस्थाः** (१) स्वयंसेवक सेवा अन्तर्गत परिचालन हुने स्वयंसेवकका लागि यस प्रदेश अन्तर्गतका जिल्ला वा स्थानीय तहमा अनुसूची÷१ बमोजिमको दरबन्दी कायम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको दरबन्दी थपघट गर्न आवश्यक भएमा स्वीकृत बजेटको परिधिमा रही निर्देशक समितिको निर्णयबाट गर्न सकिने छ ।

१४. **स्वयंसेवक हुने योग्यताः** मन्त्रालयबाट परिचालन गरिने स्वयंसेवकहरुको योग्यता देहाय बमोजिम भएको हुनुपर्नेछः

(क) गण्डकी प्रदेशभित्र बसोबास गर्ने १८ वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) तोकिएको विषयक्षेत्र तथा पदको लागि मान्यताप्राप्त शैक्षिक संस्थाबाट नेपाल सरकारले समान पदको लागि तोकेको आवश्यक न्यूनतम योग्यता हासिल गरेको,

(ग) कुनै सार्वजनिक लाभको पदमा वहाल नरहेको,

(घ) कुनै फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित नभएको,

१५. **स्वयंसेवक छनौटका आधारः**(१) यस कार्यविधि बमोजिम परिचालन हुने स्वयंसेवकहरूको छनौट शैक्षिक योग्यता, भौगोलिक क्षेत्र र अन्तरवार्ता बापत दिइने अंकको आधारमा गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको आधारलाई प्रदान गरिने अंकको विभाजन अनुसूची ७ बमोजिम हुनेछ ।

(३) विषयगत रुपमा कायम भएको संख्याको आधारमा उपदफा (१) र (२) बमोजिम आवेदकको योग्यताक्रम अनुसार स्वयंसेवक छनौट गरिनेछ ।

१६. **स्वयंसेवकको लागि माग संकलनः** मन्त्रालयले स्वयंसेवक आवश्यक पर्ने निकाय वा संघ-संस्थाबाट स्वयंसेवकहरूको विषयक्षेत्र र पद समेत खुलाई अनुसूची २ बमोजिमको ढाँचामा समय–समयमा माग संकलन गर्न सक्नेछ ।

तर यो कार्यविधि लागू भैसकेपछि पहिलो पटकको हकमा मन्त्रालयले कम्तिमा १५ दिनको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी स्वयंसेवकको माग संकलन गर्नुपर्नेछ ।

१७. **स्वयंसेवकको भर्ना तथा छनौटः**(१) मन्त्रालयले दफा १६ बमोजिमको माग संकलन भएपछि अनुसुची -३ बमोजिमको ढाँचामा स्वयंसेवक माग गरिएको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी मन्त्रालयको वेवसाईटमा समेत राख्नु पर्नेछ

(२) उपदफा (१) को सूचना बमोजिम योग्यता पुगेको प्रदेशभित्रको इच्छुक नेपाली नागरिकले अनुसूची ४ बमोजिमको ढाँचामा रीतपूर्वक भरिएको आवेदन फाराम र सो साथ देहायका कागजातहरुको प्रतिलिपी संलग्न गरी निर्धारित अवधिभित्र मन्त्रालयमा पेश गर्नु पर्ने छः

(क) शैक्षिक योग्यताको प्रमाण÷पत्र,

(ख) नेपाली नागरिकताको प्रमाण÷पत्र,

(ग) प्रदेशभित्र बसाइ सरी आएको भए बसाइ÷सराइ गरेको कागजात,

(घ) समावेशी सिद्धान्त बमोजिम निर्धारित कोटामा आवेदन पेश गर्नको लागि सो सम्बन्धी प्रमाणित कागजातहरु।

(३) उपदफा (२) बमोजिम प्राप्त हुन आएका आवेदनहरुको देहाय बमोजिमसूचीकरण गरिनेछ ।

(क) प्राप्त आवेदनहरू रुजु र छानबिनगरी स्वीकृत भएका आवेदनहरु जिल्लागत, स्थानीय तहगत, सामाजिक समूहगत, विषयक्षेत्रगत र पदगतरुपमा वर्गीकरण हुने गरी सूचीकरण गर्ने,

(ख) एक पटक सूचीकृत भइसकेका आवेदकहरु दुई वर्ष सम्म कायम रहने,

(४) उपदफा (३) बमोजिम सूचीकृत आवेदकहरुको अन्तरवार्ता हुने मिति, स्थान र समय सम्बन्धी सामान्य जानकारी खुलेको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरी सो को विस्तृत विवरण मन्त्रालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेबसाइटमा समेत राख्नुपर्नेछ ।

(५) स्वयंसेवक छनौटका लागि देहाय बमोजिमको छनौट समिति रहने छः

| | |
|---|---|
| योजना तथा प्रशासन महाशाखा प्रमुख | संयोजक |
| अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| मन्त्रालयले तोकेको सम्बन्धित विषय विज्ञ | सदस्य |

(६) उपदफा (५) बमोजिमको अन्तरवार्ता समितिले अन्तरवार्ता लिई आवेदकलाई प्रदान गरेको अंक खामबन्दी गरी योजना शाखालाई बुझाउनु पर्नेछ ।

(७) मन्त्रालयको योजना शाखाले सूचीकृत प्रत्येक आवेदकले शैक्षिक योग्यता, भौगोलिक क्षेत्र र अन्तरवार्तामा प्राप्त गरेको अंक जोडी योग्यताक्रमको आधारमा छनौट हुन आउने आवेदकको सूची तयार गरी स्वीकृतिको लागि कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने छ ।

(८) उपदफा (७) बमोजिम पेश भएको सूची कार्यकारी समितिबाट स्वीकृत भएपछि योजना शाखाले मन्त्रालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेबसाइटमा समेत राख्नुपर्ने छ ।

१८. **स्वयंसेवकको नियुक्तिः** स्वयंसेवकको नियुक्ति प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) दफा १७ को उपदफा (८) बमोजिम स्वीकृत भएको सूचीको आधारमा कार्यकारी समितिको सदस्य-सचिवले अनुसूची-५ बमोजिमको ढाँचामा स्वयंसेवकको नियुक्तिपत्र दिनेछ ।यसरी नियुक्तिपत्र दिँदा उक्त स्वीकृत सूचीमा नाम समावेश भएको स्वयंसेवकले जिल्ला र विषयगतरुपमा निर्धारण गरिएको संख्याको आधारमा आफू खटिन चाहेको निकाय वा संस्थाबाट लिई आएको सिफारिस बमोजिम स्वयंसेवक खटिने निकाय वा संस्था कायम गरिनेछ ।

१९. **स्वयंसेवकहरूको अवकाश**:(१) कार्यकारी समितिको सदस्य-सचिवले स्वयंसेवकहरूलाई देहाय बमोजिमको अवस्थामा अनिवार्य अवकाश दिन सक्नेछः

(क) तोकिएको कार्य अवधी पूरा भएमा,

(ख) खटाएको कार्यस्थलमा समयमा र नियमित रुपमा हाजिर नभएको भनी खटिएको निकायबाट निर्णयसहित सिफारिस भै आएमा,

(ग) पटक÷पटक खराब आचरण प्रदर्शन गरेको प्रमाणित भएमा,

(घ) फौजदारी अभियोगमा दोषी प्रमाणित भएमा ।

(२) माथि (ख), (ग) र (घ) बमोजिम स्वयंसेवकहरुलाई अवकास दिँदा कार्यकारी समितिको निर्णय अनुसार अवकाश दिनु पर्नेछ ।

## परिच्छेद–५
## सेवाशर्त र सुविधाहरु

२०. **स्वयंसेवकहरूको सेवा शर्तः** (१) स्वयंसेवकको अधिकतम सेवा अवधि दुई वर्षको हुनेछ ।

(२) स्वयंसेवकको कार्य प्रकृतिका आधारमा उपदफा (१) को सर्व सामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी निश्चित अवधिका लागि नियुक्त गर्न र एक पटकमा बढीमा छ महिना म्याद थप गर्न सकिनेछ ।

(३) स्वयंसेवकको तोकिएको सेवा अवधि समाप्त भैसकेपछि निजप्रति प्रदेश सरकार एवम् सम्बन्धित निकाय वा संघ-संस्थाहरुको कुनै दायित्व रहने छैन ।

२१. **स्वयंसेवकको कार्यशर्त तथा सेवा सुविधाः** (१) स्वयंसेवकलाई संघीय सरकारबाट सशर्त अनुदानको रुपमा विनियोजित रकम वा प्रदेश सरकारबाट सोही प्रयोजनको लागि विनियोजित रकमबाट अनुसूची÷ ६ बमोजिमको मासिक निर्वाह भत्ता तथा निर्देशक समितिले समय–समयमा निर्धारण गरेको अन्य सेवा सुविधा उपलब्ध गराइनेछ ।

(२) यस बमोजिम नियुक्त स्वयंसेवकहरुको मासिक निर्वाह भत्ता लगायतको सुविधा मन्त्रालयले सम्बन्धित कार्यालय वा स्थानीय तहमा छ/छ महिनामा पठाउनेछ ।

(३) स्वयंसेवकको कार्यशर्त कार्यकारी समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

२२. **विदा सम्बन्धी व्यवस्थाः** (१) स्वयंसेवकलाई देहाय बमोजिमका विदाहरू उपलब्ध गराउन सकिनेछः

(क) **घर विदाः** रुजु हाजिरीको आधारमा १२ दिन काम गरेपछि १ दिनको दरले,

(ख) **बिरामी विदाः** रुजु हाजिरीको आधारमा प्रत्येक महिनामा १ दिनको दरले,

(ग) **प्रसुती विदाः**महिला स्वयंसेवकको हकमा सुत्केरी हुनु भन्दा अघि र पछि गरेर जम्मा ९८ दिन,

(घ) **किरिया विदाः** आफ्नो रीत र परम्परा अनुसार बढीमा १५ दिन,

(ङ) **बे–निर्वाह भत्ता विदाः** स्वयंसेवकले कुनै कारणवश आफ्नो कार्य क्षेत्रमा उपस्थित हुन नसकी विदा माग गरेमा र निजको अन्य विदा संचित नभएमा स्वयंसेवकको तत्कालीन विशेष परिस्थितिलाई विचार गरी एकै पटक वा पटक–पटक गरी कार्यकाल भरमा बढीमा ३० दिन सम्म ।

(२) उपदफा (१) को खण्ड (क),(ख), (ग) र (घ) बमोजिमको विदाको स्वीकृति सम्बन्धित कार्यालय प्रमुखबाट हुनेछ भने खण्ड(ङ)बमोजिमको बिदाको स्वीकृति मन्त्रालयबाट हुनेछ ।

(३) स्वयंसेवकले पाउने घर विदा र विरामी विदा संचित गरे वापत कुनै थप सुविधा पाइने छैन ।

(४) स्वयंसेवकले एक आर्थिक वर्ष भित्र पाउने विदा सोही आर्थिक वर्ष भित्रमा उपभोग गरिसक्नु पर्नेछ ।

२३. **स्वयंसेवकको सरुवा सम्बन्धी व्यवस्थाः** (१)मन्त्रालयले कुनै स्वयंसेवकले काम गरिरहेको स्थानबाट आफूलाई पायक पर्ने स्थानमा सरुवा भई जान चाहेमा सरुवा भई जाने जिल्लाको कूल दरबन्दी संख्यामा नबढ्ने गरी सोही पद र सेवामा बाँकी समयावधिका लागिसरुवा गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिम सरुवा भई जान चाहने स्वयंसेवकले कार्यरत सँस्था वा निकाय र सरुवा भई जान चाहेको सँस्था वा निकायको सरुवा सहमति पत्र संलग्न गरी मन्त्रालयमा निवेदन पेश गर्नुपर्नेछ ।

## परिच्छेद–६
## विविध

२४. **स्वयंसेवकको पदस्थापन तथा हाजिरी सम्बन्धी व्यवस्थाः**

(क) नियुक्ति÷पत्रहरू दिनु पूर्व स्वयंसेवकहरुलाई उनीहरुको कार्य जिम्मेवारीका वारेमा सामान्य अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।

(ख) सम्बन्धित निकायलाई स्वयंसेवक खटाइएको वारेमा जानकारी दिइने छ ।

(ग) जिल्लामा खटिएका स्वयंसेवकहरु मध्ये छनौट सूचीको माथिल्लो योग्यताक्रममा रहेको एक जना स्वयंसेवकलाई संयोजकको समेत भूमिका तोकिने छ ।

(घ) जिल्लाको स्वयंसेवक संयोजकलाई स्वयंसेवक परिचालन सम्बन्धमा छुट्टै सूचना दिइनेछ,

(ङ) नियुक्तिको निर्णय मितिले १५ दिन भित्र नियुक्ति÷पत्र नबुझेमा सो नियुक्ति स्वतः रद्द हुनेछ र सो स्थानमा प्रतिक्षा सूचीमा रहेको अर्को उम्मेदवार नियुक्त गरिनेछ,

(च) नियुक्त भई न्यूनतम ६ महिना काम गरे पश्चात् मात्र अनुभवको प्रमाण÷पत्र दिइनेछ ।

(छ) स्वयंसेवकहरूले नियुक्ति÷पत्र बुझेको मितिले बाटोको म्याद बाहेक ७ दिनभित्र सबन्धित कार्यालयमा हाजिर हुनुपर्नेछ,

(ज) स्वयंसेवक हाजिर भएको जानकारी सम्बन्धित कार्यालयले मन्त्रालयलाई गराउनु पर्नेछ ।

२५. **स्वयंसेवकको आचरणः** (१) स्वयंसेवकले देहाय बमोजिमका आचरणहरू पालना गर्नुपर्ने छः

(क) आफ्नो कार्यसम्पादनको सिलसिलामा इमान्दार, शिष्ट, नम्र, पारदर्शी र सदाचारयुक्त व्यवहार प्रदर्शन गर्नु पर्ने,

(ख) सार्वजनिक र अन्य निकायहरूको काम कारवाहीमा प्रतिकूल असर पर्ने व्यवहार प्रदर्शन गर्न नहुने,

(ग) सामाजिक सद्‌भावमा र शान्ति व्यवस्थामा खलल् पुऱ्याउने कुनै पनि काम कारवाहीमा सरिक हुन नहुने,

(घ) कुनै पनि राजनैतिक दलको गतिविधिमा प्रत्यक्ष रुपमा संलग्न हुन नहुने,

(ङ) मन्त्रालयद्वारा समय÷समयमा जारी गरिएका निर्देशन र निर्णयहरुको पालना गर्नु पर्ने,

(च) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको नीतिको प्रतिकूल हुनेगरी व्यवहार गर्न नहुने।

२६. **निःशुल्क स्वयंसेवाः** (१) मन्त्रालयले निःशुल्क स्वयंसेवा गर्न चाहने कुनैपनि नेपाली नागरिक वा संघ–संस्थालाई आशय÷पत्र लिई कार्यशर्त तथा मापदण्ड निर्धारण गरी स्वयंसेवाको कार्यमा खटाउन सक्नेछ ।

२७. **विशेष परिस्थितिमा स्वयंसेवकको परिचालनः** (१) कार्यकारी समितिले कुनै सरकारी निकायबाट विशेष परिस्थितिमा छोटो अवधिका लागि स्वयंसेवकहरुको माग भई आएमा सूचीकरणमा परेका सम्बन्धित विषयका आवेदकहरु मध्येबाट बढीमा तीन महिनासम्मका लागि स्वयंसेवकहरु नियुक्ति गरी काममा लगाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम स्वयंसेवक नियुक्ति गर्दा स्वीकृत बार्षिक बजेट भित्र रही निर्देशक समितिको स्वीकृतिमा कूल दरबन्दीमा थप समेत हुनेगरी स्वयंसेवक नियुक्ती गर्न सकिने छ ।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागि विशेष परिस्थिति भन्नाले कुनै प्राकृतिक प्रकोप वा सरुवा रोग वा महामारी वा अन्य यस्तै गम्भीर प्रकृतिको अवस्थाको कारणले आम नागरिकको स्वास्थ्य वा सम्पत्तिमा व्यापक क्षति भएको वा हुने सम्भावना देखिएको परिस्थितिलाई जनाउँनेछ ।

२८. **अनुगमन तथा प्रतिवेदन सम्बन्धी व्यवस्थाः** स्वयंसेवकको कार्यको अनुगमन तथा प्रतिवेदन देहायबमोजिम हुनेछः

(क) स्वयंसेवक परिचालन गर्ने निकायले आवधिक रुपमा स्वयंसेवकले गरेका कार्यको अनुगमन गरी चौमासिक रुपमा मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ,

(ख) स्वयंसेवकले आफूले गरेको कामको मासिक प्रगति प्रतिवेदन संयोजक मार्फत् मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

२९. **संशोधनसम्बन्धी व्यवस्थाः** यस कार्यविधिमा व्यवस्था गरिएका दरवन्दी थप गर्ने बाहेकका प्रावधानहरू संशोधन गर्नु परेमा कार्यकारी समितिको सिफारिसमा निर्देशक समितिले गर्न सक्ने छ ।

३०. **खारेजी र बचाउ:** यो कार्यविधि लागू हुनु भन्दा पहिले राष्ट्रिय योजना आयोगबाट स्वीकृत कार्यविधि बमोजिम भए गरेका कार्यहरू यसै कार्यविधि अनुरुप भए/गरेको मानिनेछ ।

## अनुसूची १

(दफा ६ सँग सम्बन्धित)

स्वयंसेवकको जिल्लागत दरबन्दी संख्याको विवरण

| सि.नं. | जिल्लाको नाम | जिल्लाको भौगोलिक वर्गीकरण | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मनाङ्ग | ग वर्ग | १० | |
| २ | मुस्ताङ्ग | ग वर्ग | १० | |
| ३ | म्याग्दी | घ वर्ग | १७ | |
| ४ | गोरखा | ङ वर्ग | १३ | |
| ५ | लमजुङ्ग | ङ वर्ग | १३ | |
| ६ | बाग्लुङ्ग | ङ वर्ग | १३ | |
| ७ | पर्वत | ङ वर्ग | १३ | |
| ८ | तनहुँ | च वर्ग | १२ | |
| ९ | स्याङ्गजा | च वर्ग | १२ | |
| १० | कास्की | च वर्ग | १४ | |
| ११ | नवलपरासी (सुस्ता पूर्व) | च वर्ग | ९ | |
| **जम्मा** | | | **136** | |

## अनुसुची २
## (दफा १६ संग सम्बन्धित)
## रिक्त पदपूर्तिको लागि माग गर्दा भर्नु पर्ने फाराम

माग गर्ने कार्यालयको नाम र ठेगानाः

| १ | २ | ३ | ४ | ५ | ६ | | ७ | |
|---|---|---|---|---|---|---|---|---|
| क्र सं | माग गरेको पदको नाम | सेवा क्षेत्र | आवश्यक न्युनतम शैक्षिक योग्यता | स्वयंसेवकले सुरुमा काम गर्नुपर्ने जिल्ला | यस आ.व.को माग नयाँ पद सृजना भई वा रिक्त भई माग गरिएको संख्या | | कुल माग पद संख्या | कैफियत |
| | | | | | नयाँ पद सृजना | रिक्त | | |
| | | | | | | | | |

द्रष्टव्यः

१)महल ६ अन्तर्गतको दोस्रो कोलममा नयाँ पद सृजना भएको भए कुन मितिमा भएको हो र रिक्त भएको भए कसरी रिक्त भएको हो कैफियत महलमा अनिवार्य रुपमा खुलाउनु पर्ने छ ।

२) अन्य आवश्यक कुराहरु भए उल्लेख गर्ने

कार्यालय प्रमुखको

दस्तखतः

मितिः

नाम थरः

पदः

कार्यालयको छापः

**अनुसुचि ३**
**(दफा १७ को उपदफा १ संग सम्बन्धित)**
**प्रदेश विकाश स्वयंसेवक को प्रतियोगितात्मक परीक्षाको सुचना**

प्रदेश विकाश स्वयंसेवक सेवाका निम्न वमोजिम सेवाका क्षेत्रहरुमा स्वयंसेवकहरुको भर्ना गर्नु पर्ने भएकोले यस मन्त्रालयको प्रशासन तथा योजना शाखामा निर्धारित ढाँचाको आवेदन फाराम रित पूर्वक भरी तपसील बमोजिम पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क्र स | सुचना नं. | विषय क्षेत्र | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| | | १.प्राविधक<br>२.अप्राविधिक | | |

परीक्षाको किसिमः अन्तर्वार्ता
परीक्षा केन्द्रः
दरखास्त दिने अन्तिम मितिः
अन्तर्वार्ता मितिः सम्पर्क मितिमा जानकारी गराइने छ ।
सम्पर्क मितिः
संलग्न गर्नु पर्ने कागजातहरुः

| हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
|---|

अनुसूची-४

(दफा १७ को उपदफा २ संग सम्बन्धित)

**प्रदेश विकास स्वयंसेवक**

दरखास्त फाराम

(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धी विवरण

(१) सूचना नं....................... (२) प्र.वि. स्वयंसेवक....................... (३) सेवा क्षेत्रः.......................

(ख) उम्मेदवारको वैयक्तिक विवरणः

(१) नाम, थर (देवनागरिकमा)........................................................................................................

(अंग्रेजी ठूलो अक्षरमा)........................................................................................

(२) नागरिकता नं........................................... जारी गर्ने जिल्ला..................... मिति...............................

(३) जन्म मिति.................................................... हालको उमेर...........वर्ष................महिना

(४) लिङ्ग...............................

(५) पत्राचार गर्ने ठेगाना..........................................................................................................

(६) बाबुको नाम थरः........................................................................

(७) आमाको नाम, थर......................................................................

(८) बाजेको नाम, थर......................................................................

(ग) शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/वोर्ड/तालिम दिनेसंस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| | | | | | |
| तालिम | | | | | |
| | | | | | |

उम्मेदवारको ल्याप्चे सहीछाप

| दायाँ | बायाँ | |
|---|---|---|
| | | |
| | | उम्मेदवारको दस्तखत<br>मितिः |

रुजु गर्नेको दस्तखत

मितिः

स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत

मितिः

**अनुसुचि ५**
**(दफा १८ को उपदफा क संग सम्बन्धित)**
**प्रदेश विकाश स्वयंसेवक संचालन कार्यकारी समिति**
**श्री युवा तथा खेलकुद मन्त्रालय**
**गण्डकी प्रदेश पोखरा**

पत्र संख्याः
चलानी नः मितिः

विषयः नियुक्ति सम्बन्धमा ।

महाशय,

प्रदेश विकास स्वंसेवक छनौट समिति गण्डकी प्रदेशको च नं...मिति २०७५....को सिफारिस पत्र एवं कार्यकारी समितिको मिति.................को निर्णयानुसार तपाई...लाई प्रदेश विकास स्वयंसेवकमा नियुक्त गरिएको छ।

आफ्नो सेवा कालमा सदैव नेपाल र नेपाली जनता प्रति प्रतिबद्ध रही प्रचलित कानुन बमोजिम कार्यसम्पादन गर्नु हुनेछ भन्ने तपाईसंग विश्वास राखिएको छ ।

श्री...........

ठेगाना

( )

सदस्य सचिव

अनुसूची÷ ६

**दफा २१ को उपदफा १ संग सम्बन्धित**

स्वयंसेवकको निर्वाह भत्ता

| सि. नं. | स्वयंसेवकको योग्यता | स्वयंसेवकको वर्गीकरण | जिल्लाको वर्गीकरण | | | |
|---|---|---|---|---|---|---|
| | | | ग वर्ग | घ वर्ग | ङ वर्ग | च वर्ग |
| १ | स्नातकोत्तर उतीर्ण | प्राविधिक | २१००० | २०४०० | १९८०० | १९२०० |
| २ | स्नातकोत्तर उतीर्ण | अप्राविधिक | | | | |
| ३ | स्नातक तह उतीर्ण | प्राविधिक | २०४०० | १९८०० | १९२०० | १८६०० |
| ४ | स्नातक तह उतीर्ण | अप्राविधिक | १९२०० | १८६०० | १८००० | १७४०० |
| ५ | प्रविणता÷पत्र तह उतीर्ण | प्राविधिक | १६८०० | १६२०० | १५६०० | १५००० |
| ६ | प्रविणता÷पत्र तह उतीर्ण | अप्राविधिक | १६२०० | १५६०० | १५००० | १४४०० |
| ७ | प्रवेशिका परीक्षा उतीर्ण | प्राविधिक | १५६०० | १५००० | १४४०० | १३८०० |
| ८ | प्रवेशिका परीक्षा उतीर्ण | अप्राविधिक | १५००० | १४४०० | १३८०० | १३२०० |

अनुसूची ७

(दफा १५को उपदफा २ संग सम्बन्धित)

स्वयंसेवकहरुको मूल्याङ्कन तथा छनौटका आधारहरु

| सि. नं. | विवरण | जम्मा अंक | अंक विभाजन |
|---|---|---|---|
| १ | शैक्षिक योग्यता वापत | २० | प्रथम श्रेणी-४०, द्वितीय श्रेणी -३५, तृतीय श्रेणी -३० |
| २ | भौगोलिक क्षेत्र | १० | "ग" वर्ग- २५, "घ" वर्ग- २३,"ङ" वर्ग -२१ र "च" वर्ग- १९ |
| ४ | लिखित परीक्षा | ५० | |
| ३ | अन्तरवार्ता | २० | अधिकतम ९०% भन्दा बढी र ७०% भन्दा कम अंक दिदा कारण खोल्नु पर्नेछ । |
| **जम्मा** | | **१००** | |